# जनकपुरधाम उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
चलानी नं.:- २२

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०


मिति – २०७९/०४/०२ गते

श्री वडा कार्यालय सबै,
ज.उ.म.न.पा. ।

**विषय – सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजकि सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले चालु आ.व. २०७९।८० मा पनि भत्ता लिन नवीकरण गर्नुपर्ने हुँदा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०७९।०८० च.नं. ९ मिति २०७९।०४।०१ गतेको पत्रानुसार प्रत्येक आ.व.को श्रावण १ गते देखि भदौ मसान्त भित्रमा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागी निवेदन दिनुपर्ने व्यवस्था रहेकोले सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा आफू स्वयम उपस्थित भई अनुसूची-२ सहित तपशिल अनुसारको कागजात संलग्न राखी नवीकरण गर्न गराउन सूचित गरिन्छ ।

नेपाल सरकारको आ.व. २०७९।८० को बजेट बक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ.ऐन, २०७५ दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रकिया अगाडी बढाउनहुन निर्णयानुसार अनुरोध छ । साथै नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लेखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट झिकाई यर्थाथ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ ।

**तपशील**

| सि.नं. | समूह | कागजात |
|---|---|---|
| १ | जेष्ठ नागरिक ७० वर्षको हकमा | नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |
| २ | जेष्ठ नागरिक दलितको हकमा | नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |
| ३ | एकल महिला (६० वर्ष माथि) | नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |
| | | पतिको मृत्यु दर्ताको प्रतिलिपि |
| ४ | विधवा | नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |
| | | पतिको मृत्यु दर्ताको प्रतिलिपि |
| | | अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि |
| ५ | पूर्ण तथा आशिंक अपाङ्गताको हकमा (क र ख वर्ग) | अपाङ्ता परिचयपत्रको प्रतिलिपि |
| | | जन्मदर्ता /नागरिकताको प्रमाणपत्रको प्रतिलिपि |
| | | बालबालिकाको हकमा संरक्षक/हकवालाको नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |
| ६ | क्षेत्रतोकिएको बालबालिका/दलित बालबालिकाको हकमा | जन्मदर्ता /नागरिकताको प्रमाणपत्रको प्रतिलिपि |
| | | संरक्षक/हकवालाको नागरिकताको प्रतिलिपि |
| | | पासपोर्ट साइजको फोटो २ (दुई) प्रति |

**नोट :** *समयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण नगराएमा सा.सु. भत्ता पाउने/ नपाउने जिम्मेवारी स्वयम लाभग्राही हुनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**